जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com



बर्ष १३ • अंक ३४६ • २०८३ असोज १८ गते आईतवार • 4 Oct. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-


## जितियाको दोस्रो दिन विभिन्न धार्मिक विधि पूरा गरी मनाइयो



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १७ असोज

मिथिलाञ्चलका महिलाहरूको महत्वपूर्ण पर्व जितियाको दोस्रो दिन शनिबार विभिन्न धार्मिक विधि पूरा गरी मनाइएको छ ।

सन्तानको दीर्घायु, सुख समृद्धि तथा परिवारको कल्याणको कामना गर्दै व्रतालु महिलाहरूले दिनभर धार्मिक अनुष्ठान र पूजा आराधना गरेका छन् । शुक्रबारदेखि विधिवत् व्रत सुरु गरेका महिलाहरूले शनिबार बिहानै स्नान गरी चोखो भएर सूर्यपुत्र भगवान् जिमुतवाहनको पूजा आराधना गरेका हुन् । पूजाका क्रममा व्रतालुहरूले दहीच्यूरा, मिष्ठान्न, फलफूल, धूप, दीप तथा नैवेद्य अर्पण गर्दै सन्तानको दीर्घायुको कामना गरेका थिए ।

जनकपुरधामस्थित गंगासागरमा शनिबार दिउँसो करिब १ बजे व्रतालु महिलाहरूको उल्लेख्य सहभागिता देखिएको थियो । गंगासागरमा स्नान गरेपछि उनीहरूले सामूहिक रूपमा जितियाको धार्मिक कथा श्रवण गरेका थिए । कथा श्रवणका क्रममा महिलाहरूले भगवान् जिमुतवाहनप्रति श्रद्धा व्यक्त गर्दै आफ्ना सन्तानको दीर्घायु, स्वास्थ्य, सुख समृद्धि तथा परिवारको कल्याणका लागि प्रार्थना गरेका थिए । व्रतालु अञ्जनी कुमारी साहका अनुसार जितियाको व्रत आइतबार बिहान पारणा गरेपछि विधिवत् रूपमा सम्पन्न हुनेछ । पारणापछि जितियाको विसर्जन गर्ने धार्मिक परम्परा रहेको उनले बताइन् । जितिया पर्वमा महिलाले सन्तानको दीर्घायु र परिवारको सुख शान्तिको कामना गर्दै कठोर उपवास बस्ने परम्परा छ ।

परम्पराअनुसार व्रतालु महिलाहरूले करिब ३६ घण्टासम्म निराहार तथा निर्जला व्रत बस्ने गर्दछन् । मिथिलाको धार्मिक तथा सांस्कृतिक जीवनसँग गहिरो रूपमा जोडिएको जितिया पर्वमा महिलाहरूले श्रद्धा र निष्ठाका साथ भगवान् जिमुतवाहनको पूजा तथा धार्मिक कथा श्रवण गर्ने गरेका छन् । पुस्तौंदेखि चलिआएको यो पर्वले मिथिलाको मौलिक धार्मिक आस्था, संस्कृति र परम्परालाई निरन्तरता दिँदै आएको छ ।

## अनलाइन उद्योग दर्ता तथा नवीकरण सेवा शुरु

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १७ असोज

मधेश प्रदेशमा उद्योग व्यवस्थापन सूचना प्रणाली (आईएमआईएस) मार्फत अनलाइन उद्योग दर्ता तथा नवीकरण लगायतका सेवा औपचारिक रूपमा शुरु भएको छ । जनकपुरधाममा शुक्रबार उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिष पटेलले अनलाइन उद्योग दर्ता सेवाको उद्घाटन गर्दै अब उद्योगी तथा उद्यमीले सम्बन्धित कार्यालयमा पटक-पटक धाउनुपर्ने बाध्यता अन्त्य भएको बताएका छन् ।

मन्त्री पटेलले सेवाग्राहीले घरमै बसेर अनलाइनमार्फत उद्योग दर्ताका लागि आवश्यक प्रक्रिया पूरा गरी उद्योग सञ्चालन गर्न सक्ने व्यवस्था मधेश प्रदेशबाट शुरु गरिएको बताए । उनले अनलाइन प्रणालीबाट उद्योग दर्ता गर्न सकिने विषयलाई आम नागरिकसम्म



पुऱ्याउन आवश्यक रहेको बताए । विदेशमा रोजगारीका लागि जान चाहने युवालाई लक्षित गर्दै मन्त्री पटेलले विदेश जानका लागि खर्च गर्ने रकमलाई आफ्नै गाउँठाउँमा साना तथा मझौला उद्योग स्थापना गर्न लगानी गर्न आग्रह गरे। अनलाइन सेवा शुरु भएसँगै उद्योगी तथा उद्यमीलाई सहज रूपमा सेवा उपलब्ध हुने उनले विश्वास व्यक्त गरे । उद्योग विभागकी महानिर्देशक रीया साहले मधेश प्रदेशका आठवटै जिल्लाबाट साना तथा मझौला उद्योग अनलाइनमार्फत दर्ता गर्न सकिने जानकारी दिइन् । महानिर्देशक साहले जनाए अनुसार उद्योग दर्ताका लागि अनलाइन फारम भरेपछि आवश्यक कागजातसमेत अनलाइन मार्फत अपलोड गर्नुपर्नेछ । प्राप्त विवरण र कागजातको आधारमा सम्बन्धित कार्यालयले प्रक्रिया अघि बढाउनेछ । दर्ता प्रक्रियाबारे सेवाग्राहीलाई सम्पर्क वा अनलाइन माध्यमबाट जानकारी गराइनेछ ।






## नीति निर्माणदेखि बजेट तर्जुमासम्म नागरिकको सहभागिता आवश्यक

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १७ असोज

स्थानीय तहले ल्याउने बजेटलाई प्रभावकारी र परिणाममुखी बनाउन नीति निर्माणदेखि बजेट तर्जुमासम्म नागरिकको सहभागिता आवश्यक रहेकोमा वक्ताहरूले जोड दिनुभएको छ ।

मधेश प्रदेशमा सञ्चालित 'सशक्त महिला, समृद्ध नेपाल' परियोजनाअन्तर्गत मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयले लाइफ नेपालसँगको समन्वयमा शुक्रबार जनकपुरधाममा आयोजना गरेको नागरिक संलग्नता, नीति तथा बजेटसम्बन्धी अभ्यास तथा सिकाइ समीक्षा कार्यक्रममा सहभागी वक्ताहरूले यस्तो बताउनुभएको हो । संयुक्त राष्ट्रसंघ र युरोपियन युनियनको सहयोगमा आयोजित कार्यक्रममा वक्ताहरूले प्रत्येक स्थानीय तहले बजेट ल्याउनुअघि



स्पष्ट नीति निर्माण गर्नुपर्नेमा जोड दिनुभएको थियो । नीति तथा योजनाबिना बजेट ल्याउँदा अपेक्षित परिणाम हासिल गर्न कठिन हुने उहाँहरूको भनाइ थियो ।

कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव होमनाथ काफ्लेले स्थानीय तहको बजेट पारदर्शी हुनुका साथै नागरिकको विश्वास जित्ने खालको हुनुपर्ने बताउनुभयो । नागरिकले बुझ्ने, बजेट निर्माण प्रक्रियामा सहभागी हुन पाउने र अपनत्व महसुस गर्ने वातावरण बनेमा बजेटले अपेक्षित परिणाम दिने उहाँले बताउनुभयो । युनिसेफ मधेश प्रदेश कार्यालय प्रमुख अनिता दाहालले मधेश प्रदेशका अधिकांश स्थानीय तहले नीति निर्माण गरेर बजेट ल्याउने गरेको बताउँदै नागरिक सहभागितामा तयार भएको बजेटले स्थानीय तहको समृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरले मधेश प्रदेशका १२ स्थानीय तहमा सञ्चालित परियोजनाबाट प्राप्त सिकाइ र अभ्यासले अन्य स्थानीय तहलाई समेत सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय...................

# कारण खोज्नुपर्ने आवश्यकता

नागरिकले सरकारी कार्यालयमा निष्पक्ष सेवा, शिक्षण संस्थामा योग्यताको सम्मान र अदालतमा न्याय खोज्छन। यी अपेक्षाको साझा आधार राज्यप्रतिको विश्वास रहेका छन। तर सेवा पाउन राजनीतिक पहुँच आवश्यक ठानिने र न्यायिक निर्णयलाई समेत दलीय दृष्टिबाट व्याख्या गरिने संस्कृति सामान्य बन्न थाले राज्यको विश्वसनीयता कमजोर हुन्छन। यस्तो अवस्थामा समस्या कुनै एउटा सरकार वा संगठनमा सीमित रहँदैन । राजनीतिक विवाद दीर्घकालीन शासकीय संकटमा बदलिन सक्ने देखिन्छ। नेपालले यस जोखिमलाई समयमै सम्बोधन गर्नुपर्ने देखिन्छ। शासनको दार्शनिक आधार शक्ति प्रयोग गर्ने अधिकारसँगै त्यसको औचित्यमा निहित हुन्छन । नागरिकले कानुन पालना गर्छ, कर तिर्छ र सार्वजनिक व्यवस्थामा सहयोग गर्छन । राज्यले बदलामा सुरक्षा, समान अवसर, निष्पक्ष सेवा र न्याय सुनिश्चित गर्नुपर्ने देखिन्छ। यही पारस्परिक जिम्मेवारीले शासनलाई वैधता दिन्छन । निर्वाचनले सरकारलाई निर्णय गर्ने अधिकार दिन्छ, प्रत्येक निर्णयमा निष्पक्षता र जवाफदेहीता कायम गर्ने दायित्व पनि दिन्छ। जनविश्वासलाई स्थायी राजनीतिक सम्पत्ति मान्न मिल्दैन। यसैले सुशासनको पहिलो कदम संविधानको कार्यान्वयन र संस्थागत संरचनाको समयबद्ध समीक्षा हुनुपर्छ। संविधान नागरिकको साझा प्रतिबद्धता हो। त्यसको जीवन्तता अधिकारको संरक्षण र न्यायपूर्ण समाधान दिने क्षमताबाट देखिन्छ। सुधारको जनअपेक्षा र विद्यमान व्यवस्थाबीच तनाव उत्पन्न हुँदा सरकार तथा अदालतलाई परस्पर विरोधी पक्षमा उभ्याउनुभन्दा त्यसको मूल कारण खोज्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

# ११० किलो ७६० ग्राम गाँजासहित तीन जना पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, १७ असोज**

सिरहाको औरही गाउँपालिका-१ दरैया क्षेत्रबाट भारततर्फ लैजाँदै गरेको अवस्थामा ११० किलो ७६० ग्राम गाँजासहित तीन जना पक्राउ परेका छन् ।

सशस्त्र प्रहरीका अनुसार पक्राउ पर्नेमा औरही गाउँपालिका-२ का ४३ वर्षीय मिश्रीलाल सदाय, ३१ वर्षीय मनिकलाल सदाय र धनगढीमाई नगरपालिका-५ का ३३ वर्षीय श्यामसुन्दर यादव रहेका छन् । उनीहरूले टाउकोमा बोकेर भारततर्फ लैजाँदै गरेको



अवस्थामा ६ वटा बोरामा राखिएको गाँजा बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

पक्राउ परेकाहरूको साथबाट तीन थान मोबाइलसमेत बरामद भएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण हेडक्वार्टर सिराहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाले जानकारी दिए । प्रहरी स्रोतका अनुसार उदयपुर, सिन्धुलीलगायत जिल्लाका विभिन्न स्थानबाट अवैध रूपमा गाँजा खरिद गरी सिरहाका बलान, कमला, गागन र घुर्मीलगायत नदी तथा सीमावर्ती क्षेत्र प्रयोग गरेर भारततर्फ लैजाने गरेको पाइएको छ । यसअघि पनि सशस्त्र प्रहरीले सिरहाको सुखीपुर नगरपालिका-१० विश्वकर्मा चोकस्थित गागन खोलाको पुलबाट गाँजा बोकेको बोलेरो गाडी र मोटरसाइकल नियन्त्रणमा लिएको थियो । उक्त घटनामा समेत ठूलो परिमाणमा गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ ।

पछिल्लो समय सिरहाका विभिन्न नदी तथा सीमावर्ती क्षेत्रलाई प्रयोग गरी भारततर्फ हुने लागूऔषध तस्करी नियन्त्रण गर्न निगरानी बढाइएको सशस्त्र प्रहरी उपरीक्षक थापाले बताए ।

# धान खेतमा बिछ्याइएको खुला विद्युतीय तारबाट करेन्ट लागेर तीन जनाको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, १७ असोज**

रौतहटको सदरमुकाम गौरसँग सीमा जोडिएको भारतको बिहारस्थित सीतामढी जिल्लाको बैरगनिया प्रखण्डमा धान खेतमा बिछ्याइएको खुला विद्युतीय तारबाट करेन्ट लागेर तीन जनाको मृत्यु भएको छ । बैरगनिया प्रखण्डअन्तर्गत अख्ता पश्चिमी चकवा पञ्चायत-५ को तकिया टोलमा शनिबार बिहान भएको घटनामा तीन स्थानीयवासीको घटनास्थलमै मृत्यु भएको हो । करेन्ट लागेर अन्य तीन जना गम्भीर घाइते भएका छन् ।

घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको बताइएको छ । उनीहरूको अवस्था गम्भीर रहेको स्थानीय स्रोतलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् । प्रारम्भिक विवरणअनुसार धान खेतमा जंगली जनावरबाट बाली जोगाउने उद्देश्यले खुला विद्युतीय तार बिछ्याइएको हुन सक्ने आशंका गरिएको छ ।

सोही तारमा करेन्ट प्रवाह भइरहेको अवस्थामा खेततर्फ पुगेका स्थानीयवासी त्यसको सम्पर्कमा आएपछि दुर्घटना भएको बताइएको छ । घटनास्थलमा दुई वटा जंगली बँदेलसमेत मृत अवस्थामा फेला



परेका छन् । यसले पनि खेतमा जंगली जनावर नियन्त्रणका लागि विद्युतीय तार प्रयोग गरिएको हुन सक्ने प्रारम्भिक आशंकालाई बल पुगेको बताइएको छ । भैंसी खोज्दै खेततर्फ पुगेका स्थानीयवासीलाई खेतमा विद्युतीय तार बिछ्याइएकोबारे जानकारी नभएका कारण दुर्घटना भएको प्रारम्भिक विवरणमा उल्लेख छ। घटनाबारे स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

खेतमा खुला रूपमा विद्युतीय तार बिछ्याइएको भए त्यसबाट अन्य व्यक्ति तथा पशुचौपायासमेत जोखिममा पर्न सक्ने भएकाले घटनापछि स्थानीय क्षेत्रमा त्रास फैलिएको छ ।

## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चटयाङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस्।
- चटयाङ परेको बेला विद्यूतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

**अनुरोधकर्ता**

**मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय**

**धनुषा, मधेश प्रदेश**

## तपाईको टुडे

मेष: मनमा पछुतो आउने

वृष: लामो यात्राको योग छ

मिथून: पिछडेको साथी मिल्ने

कर्कट: विचार गरेर बोल्नुहोला

सिंह: खानपानमा समस्या आउने

कन्या: अनावश्यक चिन्ता

तुला: आम्दानी हुने

वृश्चिक: शुभ कार्यको शुरुवात

धनु: अशुभ समाचार प्राप्त हुने

मकर: मित्रतामा फाटो आउने

कूम्भ: अनावश्यक खर्चको संभावना

मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# फ्लाई दुबईको उडानमा को-पाइलटले 'आतंकवादी हमला'को प्रयास गरेको युएईको दावी



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १७ असोज

इजरायलतर्फ उडिरहेको फ्लाई दुबईको एफजेड १०७३ उडानमा को-पाइलटले क्याप्टेन स्मित मच्छरमाथि बन्चरो प्रहार गरी आतंकवादी हमला प्रयास गरेको युएईका महान्यायाधिवक्ताले बताएका छन्। गम्भीर घाइते भए पनि क्याप्टेन मच्छरले ककपिटको नियन्त्रण सम्हाल्न सहयोग गरेपछि विमान साउदी अरेबियाको ताबुकमा सुरक्षित अवतरण गरिएको थियो ।

युएईले घटनाको अनुसन्धान गरिरहेको छ भने संदिग्ध को-पाइलट ओमानी नागरिक रहेको र उनलाई यसअघि कट्टरपन्थी विचारधाराको आशंकामा उडान प्रतिबन्ध लगाइएको स्रोतहरूले बताएका छन् । दुबई – युएईबाट बुधबार इजरायलतर्फ जाँदै गरेको फ्लाई दुबईको एफजेड १०७३ विमानका को-पाइलटले उडानका क्रममा क्याप्टेन स्मित मच्छरमाथि बन्चरो प्रहार गरी 'आतंकवादी हमला' को प्रयास गरेको संयुक्त अरब इमिरेट्सका महान्यायाधिवक्ता हमाद सैफ अल-शम्सीले शनिबार जानकारी दिएका छन् ।

घटनाका बारेमा प्रत्यक्ष जानकारी भएका एक स्रोतले रोयटर्सलाई बताएअनुसार उक्त को-पाइलट ओमानी नागरिक हम्माम अल-हम्मामी हुन् । अनुसन्धानमा संलग्न अर्का एक स्रोतले पनि सह-चालकको उक्त नामको पुष्टि गरेका छन्। युएईका अधिकारीहरूले उनको पहिचान सार्वजनिक गरिसकेका छैनन्। इमिरेट्सका अधिकारीहरू र एयरलाइन्सले को-पाइलटको नाम सार्वजनिक नगरे पनि इजरायली अधिकारीहरूले उनी ओमानी नागरिक रहेको यसअघि नै बताइसकेका छन् । ओमानले यस घटनाबारे हालसम्म कुनै टिप्पणी गरेको छैन । दुर्घटनाजस्ता आपत्कालीन अवस्थामा प्रयोग गर्नका लागि ककपिटमा सामान्यतया दुर्घटना बन्चरो (क्र्यास एक्स) राखिएको हुन्छ । संदिग्ध व्यक्तिको उद्देश्यसहित उडानबारे अनुसन्धान जारी रहेको र आवश्यक प्रक्रियाहरू पूरा भएपछि निष्कर्षहरू सार्वजनिक गरिने महान्यायाधिवक्ता अल-शम्सीले बताएका छन् । यस घटनाको अनुसन्धान युएईले गरिरहेको छ ।

# '१२ गाउँ २'को गीत 'लालीगुराँस'मा समीर र कृशुको नृत्य

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १७ असोज



चलचित्र '१२ गाउँ २' को 'लालीगुराँस' बोलको गीत सार्वजनिक भएको छ । सार्वजनिक गरिएको गीतमा शिव परियार र सारोही कुमारको स्वर छ। गीतमा शब्द र संगीत युग भुसाल दिएका छन् ।

प्रेमिल गीतले प्रकृतिलाई बिम्ब बनाए एक अर्काप्रतिको समर्पण प्रस्तुत गरेको छ। युवक र युवतीले एक अर्कालाई चाहेपछिको समर्पण गीतमा समेटिएको छ । गीतको भिडियोमा चलचित्रका मुख्य कलाकार समीर भट्ट र कृशु शाहीको नृत्य छ । कोरियोग्राफी रामजी लामिछानेको छ । बिराज भट्टको निर्देशन रहेको '१२ गाउँ २' असोज ३० गते फूलपातीका दिनबाट प्रदर्शनमा आउँदैछ । समीर र कृशुसहित फिल्ममा निर्देशक बिराज भट्ट, अनुपविक्रम शाही, प्रकाश शाह, सुनील पोखरेल, कालु राना, खुसी कार्की, पुष्कर भट्ट, राज हमाल, प्रजल दुलाल, कमल देवकोटा, साहित सिंह ठकुरी, अर्जुन आचार्य, शिवा सिंह, नेहा आर शाह, पूर्णबहादुर गन्धर्व र सुदीर श्रेष्ठलगायत कलाकारको अभिनय रहेको छ ।

यसै फिल्मबाट कृशु शाही र वर्षा इटनीले नेपाली रजतपटमा डेब्यु गरेका छन्। बिराज भट्ट फिल्म प्रोडक्सन प्रालिको प्रस्तुति रहेको फिल्मको कथा सन्तोष सरकारले लेखेका छन् । छायांकन महेश पौडेलले गरेका छन्। युग भुसाल र डीपी खनालको संगीत, बन्दे प्रसादको सम्पादन, रामजी लामिछाने र सियोन श्रेष्ठको नृत्य निर्देशन तथा स्टन्ट सिल्भा र शंकर महर्जनको द्वन्द्व रहेको फिल्मको वितरण काफिया फिल्मस् र कुबेर सिनेमाले गर्दैछन् ।

# धनुषा क्षेत्र नम्बर-३ को क्षेत्रीय सभापतिमा विनयकुमार यादव निर्वाचित

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १७ असोज

नेपाली कांग्रेस धनुषा क्षेत्र नम्बर-३ को क्षेत्रीय सभापतिमा विनयकुमार यादव निर्वाचित भएका छन् ।

कांग्रेसको १५औँ महाधिवेशन अन्तर्गत संस्थापन पक्षबाट भएको क्षेत्रीय अधिवेशनमा यादव क्षेत्रीय सभापतिमा निर्वाचित भएका हुन् । त्यस्तै, धनुषा क्षेत्र नम्बर-३ बाट नेपाली कांग्रेसका संस्थापन पक्षतर्फ खुला महाधिवेशन प्रतिनिधिमा १० जना निर्वाचित भएका छन्। खुलातर्फ सर्वाधिक मत प्राप्त गर्नेमा जीवनाथ चौधरी रहेका छन्। उनले ६७७ मत प्राप्त गरे। त्यसपछि गणेश झाले ६५०, रामसरोज यादवले ६४७ र प्रफुल्ल घिमिरेले ६४५ मत प्राप्त गरेका छन् । यसैगरी हरिशंकर शाहले ५९१, रामबाबु यादवले ५८१, मनोजकुमार साहले ५७९, पप्पु ठाकुरले ५४८, सुनिलकुमार झाले



५१३ तथा राजकुमार साहले ५११ मत प्राप्त गर्दै खुला महाधिवेशन प्रतिनिधिमा निर्वाचित भएका छन् । क्षेत्रीय सभापति तथा महाधिवेशन प्रतिनिधिको निर्वाचनसँगै धनुषा-३ मा कांग्रेसको आगामी महाधिवेशनका लागि क्षेत्रीय प्रतिनिधित्वसमेत तय भएको छ ।

जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।

अनुरोधकर्ता
गणेशमान चारनाथ नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।

अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।

अनुरोधकर्ता
गोलबजार नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश

जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस्।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस्।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं।

अनुरोधकर्ता
नरहा नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश

# एआईसँग शिक्षकको यात्रा : सम्भावना र सही बाटो




-नेपालका शिक्षकहरूले एआईलाई पाठयोजना, सामग्री निर्माण, अनुवाद, मूल्यांकन र प्रशासनिक काममा प्रयोग गर्न थाले पनि अधिकांशले यो सीप औपचारिक तालिम र संस्थागत मार्गदर्शनबिना आफैं सिकेका छन् । एआईले शिक्षकको विकल्प बन्न नसक्ने भएकाले यसको प्रभावकारी प्रयोगका लागि पेसागत विवेक, नैतिक सचेतना, सूचना जाँच्ने बानी र सन्दर्भअनुकूल रूपान्तरण आवश्यक छ। शिक्षकलाई एक्लै नछाडी राष्ट्रिय मापदण्ड, एआई साक्षरता, मेन्टरिङ, पूर्वाधार र दिगो वित्तीय व्यवस्थामार्फत शिक्षा प्रणालीले सुरक्षित, समतामूलक र अर्थपूर्ण सहयोग उपलब्ध गराउनुपर्छ ।

आजको डिजिटल युगमा एआई (कृत्रिम बुद्धिमता) हाम्रो जीवनको अभिन्न हिस्सा बन्दै गएको छ। दैनन्दिन जीवनदेखि विभिन्न पेसा र व्यवसायका काम यसले सहज बनाइदिएको छ । शिक्षक र उनीहरूको पेसागत विकाससँग नजिक रहेर काम गरिरहेको मेरो मनमा केही समययता प्रश्न उब्जिएका छन्, शिक्षामा एआई कुन हदसम्म उपयोगी हुन सक्छ ? एआईले शिक्षकको पेसागत विकासका नयाँ बाटा खोल्न सक्छ ? परम्परागत तालिम र सिकाइका अवसर पुग्न नसकेका ठाउँमा यसले दिशा देखाउन सक्छ ? कि नयाँ जोखिम र असमानता जन्माउँछ ? म कक्षा चारमा पढ्दा एक जना शिक्षक झन्डै दस महिना विद्यालय आउनुभएन । सर कहाँ जानुभयो भन्ने बेखबर थिएँ म। दस महिनाको अन्तरालमा फर्किनुभएपछि सरलाई सोधें, 'यत्तिका समय कहाँ जानुभएको थियो ?' उहाँले भन्नुभयो, 'तिमीहरू सिक्न विद्यालय आउँछौ, म पनि सिक्न मेरो विद्यालय गएको थिएँ ।' उहाँको जवाफले मलाई चकित बनायो । त्यसबेलासम्म मलाई शिक्षकले सारा कुरा जानेका हुन्छन् भन्ने लाग्थ्यो । शिक्षकले पनि सिकिरहनुपर्छ र आफ्नो ज्ञानलाई समयानुकूल अद्यावधिक गर्नुपर्छ, क्षमता तिखार्नुपर्छ भन्ने थाहा थिएन । त्यो छोटो संवादले मलाई अमिट पाठ सिकायो, असल शिक्षकको सिकाइ निरन्तर चलिरहन्छ। यसको दसौं वर्षपछि शिक्षकको प्रशिक्षकका रूपमा मैले नेपालभरका करिब पाँच हजारभन्दा बढी अंग्रेजी शिक्षकसँग काम गर्ने अवसर पाएँ। दुर्गम हिमाली बस्ती, ग्रामीण पालिका र तीव्र रूपमा विस्तार भइरहेका सहरका शिक्षकलाई भेटें। धेरै शिक्षक आफ्ना विद्यार्थीप्रति अत्यन्त प्रतिबद्ध भएको पाएँ । तर उनीहरूसँग राम्रो तालिम, पेसागत सामग्री, मार्गदर्शन र तालिमपछिको निरन्तर सहयोगमा पर्याप्त पहुँच भएको पाइनँ। एआईलाई शिक्षकको विकल्पका रूपमा प्रस्तुत गरिनु हुँदैन । असल शिक्षकले कक्षाकोठामा ल्याउने समानुभूति, विश्वास, सांस्कृतिक बुझाइ, सिर्जनशीलता र नैतिक जिम्मेवारी एआईले सिर्जना गर्न सक्दैन ।एउटा प्रश्नले पछ्याइरह्यो, शिक्षकको पेसागत सिकाइलाई अझ पहुँचयोग्य, सान्दर्भिक, समयानुकूल र उनीहरूका फरक-फरक आवश्यकताअनुसारको बनाउन कसरी सकिएला ? बिस्तारै प्रविधि यसको सम्भावित उत्तरका रूपमा देखिन थालेको छ ।

डिजिटल माध्यमले शिक्षकलाई सामग्री खोज्न, सहकर्मीबीच अनुभव आदानप्रदान गर्न र कक्षाकोठामा नयाँ अभ्यास गर्न सहयोग गरिरहेको छ । अहिले एआईले यी सम्भावनालाई अझ फराकिलो बनाएको छ । केही सेकेन्डमै शिक्षकले पाठयोजना बनाउन, जटिल विषयलाई सरलीकृत गर्न, कठिन शब्दावली अनुवाद गर्न, कक्षाका क्रियाकलाप तयार गर्नदेखि विद्यार्थीको लेखाइको मूल्यांकन गर्नसम्म सक्छन् । सुन्दा निकै उत्साहजनक लाग्छ। तर मैले आफ्नै पेसागत विकासमा एआई प्रयोग गर्न थालेपछि उत्साह र निराशा दुवै अनुभव गरेको छु । यसले सूचना खोज्न, विचारलाई फरक ढंगले हेर्न र सामग्री सुधार्न सघाएको छ। तर कहिलेकाहीँ गलत, हाम्रो समाज र सन्दर्भसँग नमिल्ने वा कामै नलाग्ने उत्तर पनि दिने गरेको छ। त्यसपछि मैले बुझें- एआईको प्रभावकारी प्रयोग राम्रो 'प्रम्प्ट' लेख्न जान्नु मात्र होइन, यसका लागि पेसागत विवेक, नैतिक सचेतना र सूचना जाँच्ने बानी चाहिन्छ । अझ महत्त्वपूर्ण कुरा, सामग्री जुन विद्यार्थी, कक्षाकोठा र समुदायका लागि बनाइँदै छ, तिनको यथार्थ पनि राम्ररी बुझ्नुपर्छ । **आशासँगै अन्योल** मैले हालसालै शिक्षक, नीतिनिर्माता र शिक्षाकर्मीहरूसँग अन्तरक्रिया गरेको थिएँ । यसबाट के बुझें भने, शिक्षकको पेसागत विकासमा एआईको प्रयोगबारे आशा र अन्योल अनुभव गर्ने म एक्लो रहेनछु ।

शिक्षकहरूले औपचारिक सहयोगबिना नै, कतिपय अवस्थामा चुपचाप एआईलाई पेसागत विकासको सहयोगीका रूपमा प्रयोग गर्दै आएका रहेछन् । तर यसको प्रयोग कति व्यापक छ ? शिक्षकहरूले केका लागि एआई चलाइरहेका छन् ? कसले फाइदा पाइरहेको छ र को पछाडि छुट्दै छन् ? एआईको सजगतापूर्ण, योजनाबद्ध र समतामूलक प्रयोगका लागि नेपालको शिक्षा प्रणाली तयार छ त ? शिक्षा तथा खेलकुद मन्त्रालय र ब्रिटिस काउन्सिलले संयुक्त रूपमा हालै गरेको एक अध्ययनले यिनै प्रश्नको उत्तर खोजेको छ। नतिजाले आशा जगाउँछ, चुनौती पनि देखाउँछ । अध्ययनमा सात वटै प्रदेशका ८१५ शिक्षक सहभागी थिए ।

अध्ययन प्रतिवेदनमा राष्ट्रिय सर्वेक्षणसँगै अन्तर्वार्ता, लक्षित समूह छलफल, कक्षा अवलोकन, सरोकारवालासँगका गोलमेच छलफल र २१ शिक्षकले गरेको कार्यमूलक अनुसन्धान पनि समेटिएका छन् । प्रतिवेदनका धेरै पक्ष रोचक छन् तर एउटा तथ्यले मलाई तरंगित बनायो । नेपालका ७६ प्रतिशत शिक्षकले जेनेरेटिभ एआई प्रयोग गर्ने रहेछन् । यसको अर्थ, एआई हाम्रा कक्षाकोठामा पुगिसकेको छ । शिक्षकहरूले च्याटजीपीटी, जेमिनाई, गुगल लेन्स, गुगल ट्रान्सलेटजस्ता एआई टुलहरू प्रयोग गरिरहेका बताएका छन् । उनीहरूले सूचना खोज्न, पाठ तयारी गर्न, कठिन अवधारणालाई सरल बनाउन, शब्दावली अनुवाद गर्न, कार्यपत्र बनाउन, विद्यार्थीको लेखाइ मूल्यांकन गर्न र प्रशासनिक कागजातको मस्यौदा तयार गर्न यी साधन प्रयोग गरिरहेका बताएका छन् । केही शिक्षकले त एआईबाट तयार गरिएका संवाद, श्रव्य सामग्री र तस्बिर प्रयोग गरेर सिकाइलाई थप रोचक पनि बनाइरहेका छन् ।

तर रोचक पक्षचाहिँ, अधिकांश शिक्षकले यी साधन आफ्नै प्रयासमा सिकेका थिए । व्यवस्थित तालिम वा संस्थागत मार्गदर्शन पाउने शिक्षक एकदम थोरै छन् । यसको अर्थ, शिक्षकलाई सहयोग गर्नुपर्ने शिक्षा प्रणालीभन्दा शिक्षकहरू आफैं अगाडि लम्किरहेका छन् । एआई प्रयोगमा सबै शिक्षकको समान गति भने छैन। अध्ययनअनुसार पुरुष शिक्षकमध्ये ८० दशमलव ५ प्रतिशतले एआई प्रयोग गरिरहेका छन् भने महिला शिक्षकमा यो अनुपात ७१ दशमलव ३ प्रतिशत छ । पाका शिक्षक भने पछाडि छुट्ने सम्भावना पनि बढी देखिएको छ । उनीहरूलाई आत्मविश्वास बिस्तारै बढाउन मिल्ने गरी फरक गति र व्यक्तिगत आवश्यकताअनुसारको सहयोग चाहिन सक्छ। यसले एउटा प्रचलित मान्यतामा प्रश्न उठाउँछ। के सबै शिक्षकलाई एउटै तालिम दिए समान अवसर सिर्जना हुन्छ ? पक्कै हुँदैन। तालिमको समय, ढाँचा र फरक भूगोलकै कारण केही शिक्षक सहभागी हुन सक्दैनन् । एआई साक्षरताको खाडल प्रतिभा, आत्मविश्वास र इच्छाशक्तिको मात्र विषय होइन, समय, अवसर र उपयुक्त सहयोगले पनि यसलाई निर्धारण गर्छ । एआईबाट सबै शिक्षकले लाभ लिन सकून् भन्ने हो भने पेसागत विकासले यस्ता भिन्नतालाई सम्बोधन गर्नुपर्छ। पहुँच एउटा चुनौती हो, जोखिम अर्को । शिक्षकहरूले एआईले गलत वा सांस्कृतिक रूपमा असंवेदनशील सामग्री दिन सक्ने चिन्ता व्यक्त गरेका छन् । विद्यार्थीले गृहकार्य पूरा गर्न यसमै भर पर्न सक्ने डर पनि छ । एआईमा अत्यधिक निर्भरताले सिर्जनशीलता, जिज्ञासा र स्वतन्त्र निर्णय क्षमतालाई कमजोर पार्न सक्ने चिन्ता पनि उनीहरूले गरेका छन् ।

डिपफेक, साइबर अपराध, गोपनीयता र प्रतिष्ठामा पुग्न सक्ने क्षतिबारे पनि उनीहरू सचेत छन् । तर अल्गोरिदममा हुने पक्षपात, विभेद र विद्यार्थीका व्यक्तिगत विवरणको दैनिक सुरक्षाजस्ता कम देखिने जोखिमबारेको बुझाइ अपेक्षाकृत सीमित छ। त्यसैले शिक्षकलाई स्पष्ट मार्गदर्शन र पेसागत विकास अब पर्खन मिल्ने विषय होइन । यति जटिल नैतिक प्रश्नको बाटो शिक्षकले एक्लै पहिल्याउनुपर्ने अवस्था हुनु हुँदैन । आफ्ना कक्षाकोठामा आइपर्ने समस्याहरूको समाधान गर्न शिक्षकहरूले आफैंले गरेको कार्यमूलक अनुसन्धानले अर्को महत्त्वपूर्ण सन्देश दिएको छ। आठ सातासम्म २१ शिक्षकले कक्षा दुईदेखि दससम्म अंग्रेजी, गणित, विज्ञान, नेपाली र सामाजिक अध्ययनमा एआई प्रयोग गरेका थिए। उनीहरूको अनुभवले एआईले पाठ तयारी, विविध कक्षा गतिविधि, बहुभाषिक सिकाइ, निर्माणात्मक मूल्यांकन र बोल्न हिचकिचाउने विद्यार्थीको सहभागितामा सहयोग गर्न सक्ने देखाएको छ। तर परिवर्तन एआईले एक्लै ल्याएको थिएन ।

साभार : कान्तिपुर ।


"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला



## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
विष्णुपुर गाउँपालिका कार्यालय
सिरहा, मधेश प्रदेश



## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
सिरहा नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday